# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०५।०८ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

यातायात व्यवस्था कार्यालय, लुम्बिनी (सवारी), बुटवल रुपन्देहीका मेकानिकल इन्जिनियर सरोजकुमार साहले नयाँ सवारी (लोडर) दर्ता गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निजलाई रु.२०,०००।-(बीस हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुदाँ निजले भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निजलाई विगो रु.२०,०००।-(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता